खानेपानी तथा सरसफाइ योजनाको निर्माण सामाग्री खरिदका लागि

# सिलवन्दी दरभाउपत्र

**प्याकेज २ :**

**समुह क : खानेपानी योजनाको लागि सोलार वाटर लिफ्ट प्रणालीको सामानको आपूर्ति, डेलिभरी र स्थापना गर्ने कार्य (Supply, delivery and installation of solar water lift system accessories of water supply system)**

**जारि गर्ने**

## संयुक्त खरिद समिति, पञ्चदेवल विनायक नगरपालिका , अछाम

(सालरुख खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, पञ्चदेवल विनायक नगरपालिका–४, अछाम
तिलेगडा गाडेमेला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, पञ्चदेवल विनायक नगरपालिका –५, अछाम
दुबीचौर लयटी सोलार लिफ्ट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, पञ्चदेवल विनायक नगरपालिका –५, अछाम
थकाईले दहिपारा तामकोट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, पञ्चदेवल विनायक नगरपालिका –९, अछाम )

आधिकारिक हस्ताक्षर:.............................
मितिः २०८१ पौष ०५ गते

## विषय–सूचि

**खण्ड १** **3**

१. सिलवन्दी दरभाउपत्र आव्हानको सूचना *3*

**खण्ड २** **5**

२. दरभाउपत्रदातालाई निर्देशन (Instruction to bidder) *5*

**खण्ड ३** **11**

३.१ सिलवन्दी दरभाउपत्र तथ्यांक सम्बन्धी विवरण (bid data sheet) *11*

३.२ मूल्याङ्कन र योग्यता मापदण्ड *12*

३.३ दरभाउपत्रदाताको जानकारी सम्बन्धी विवरण *12*

**खण्ड ४** **13**

४.१ सम्झौताका सामान्य शर्तहरु (general condition of contract) *13*

**खण्ड ५** **16**

५.१ सम्झौताका विशेष शर्तहरु (special condition of contract) *16*

**खण्ड ६** **17**

६.१ सोलार पी भी,पम्प र सामग्रीहरुको प्राविधिक विशिष्टीकरण (TECHNICAL SPECIFICATION OF SOLAR PV PUMP AND ACCESSORIES) *17* *17*

**खण्ड ७** **20**

७.१ बोलपत्र फारम र मूल्य तालिका *20*

७.१.१ सिलवन्दी दरभाउपत्र पेश गरेको निवेदन 20

७.१.२ सामाग्रीको परिमाण सहितको मूल्यसूचि *21*

**खण्ड ८** **24**

८.१ सामाग्री ढुवानी तथा ढुवानी तालिका (delivery schedule and transportation) *24*

**खण्ड ९** **25**

९. नमूना फारमहरु *25*

## खण्ड १

**१. सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

सालरुख खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, पञ्चदेवल विनायक नगरपालिका–४, अछाम
तिलेगडा गाडेमेला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, पञ्चदेवल विनायक नगरपालिका –५, अछाम
दुबीचौर लयटी सोलार लिफ्ट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, पञ्चदेवल विनायक नगरपालिका –५, अछाम
थकाईले दहिपारा तामकोट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, पञ्चदेवल विनायक नगरपालिका –९, अछाम

**को**

# संयुक्त खरिद समिति

## पञ्चदेवल विनायक नगरपालिका, अछाम

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सूचना: मिति: २०८१ पौष ५ गते

एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपालको आर्थिक सहयोगमा स्थानीय साझेदार संस्था ग्रामीण विकास केन्द्र (रुडेक) नेपाल, अछामको सहजीकरणमा पञ्चदेवल विनायक नगरपालिका, अछाममा संचालित खानेपानी तथा सरसफाइ योजनाहरुको लागि खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले सिलवन्दी दरभाउपत्रमा उल्लेख गरिएको शर्तहरु र सामाग्रीको गुणस्तर (स्पेसिफिकेशन) बमोजिमको सामाग्रीहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तिकर्ता, फर्म वा कम्पनिवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोछ ।

**प्याकेज १ :**

समुह क : एच.डि.पि.ई. पाइप, जि.आई. पाइप, जि.आई./ब्रास फिटिङ्ग, औजार, अन्य सामाग्रीहरु (सरिया, ग्याविन तार, काँडेतार, वाइडिङ्ग तार, कुखुरेजाली, टंकी इत्यादि)

समुख ख : फलामे निर्माण सामाग्री (फेव्रिकेटेड सामाग्रीहरु)

समुह ग : सिमेन्ट (ओ.पि.सि. ५३ ग्रेड)

**प्याकेज २ :**

समुह क : खानेपानी योजनाको लागि सोलार वाटर लिफ्ट प्रणालीको सामानको आपूर्ति, डेलिभरी र स्थापना गर्ने कार्य (Supply, delivery and installation of solar water lift system accessories of water supply system)

**शर्तहरुः**

१. दरभाउपत्र निम्न स्थानमा नि:शुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ ।
सिलवन्दी दरभाउपत्र पाइने स्थान: ग्रामिण बिकास केन्द्र (रुडेक)- नेपाल, केन्द्रीय कार्यालय, मंगलसेन, अछाम
अथवा, सिलवन्दी दरभाउपत्र डाउनलोड गर्नका लागि लिङ्क: **https://notice.helvetasnepal.org**
दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०९७ ६२०२१८ वा ९८६८९७८५९१ (संयोजक-संयुक्त खरिद समिति) नं. मा सम्पर्क गर्न सकिनेछ ।

२. दरभाउपत्र बुझाउने अन्तिम मिति र स्थान:
दरभाउपत्र बुझाउने अन्तिम मिति: २०८१ पौष २१ गते (५ जनवरी २०२५), दिउसो १२.०० बजे भित्र
दरभाउपत्र बुझाउने स्थान: ग्रामिण बिकास केन्द्र (रुडेक)- नेपाल, केन्द्रीय कार्यालय, मंगलसेन, अछाम
म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

३. दरभाउपत्र पेश गर्ने सप्लायरले संयुक्त खरिद समिति वा उपभोक्ता समितिले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

४. दरभाउपत्रदताले चाहेको खण्डमा कुनै एक वटा प्याकेजमा मात्र पनि दरभाउपत्र पेश गर्न सक्नेछ ।

संयुक्त खरिद समिति
पञ्चदेवल विनायक नगरपालिका, अछाम

५. सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान:
मिति: २०८१ पौष २१ गते (५ जनवरी २०२५), दिउसो १:०० बजे
स्थान: ग्रामिण बिकास केन्द्र (रुडेक)- नेपाल, केन्द्रीय कार्यालय, मंगलसेन, अछाम
सिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी भै उपभोक्ता समितिले सामाग्री चेकजांच र प्राप्त गरे पछि मात्र आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ।

७. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना अहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ।

८. दरभाउपत्र पेश गर्दा सिलवन्दी दरभाउपत्र साथ
प्याकेज १ को लागि रु. **१६४,०००.०० ( एक लाख चौसट्ठी हजार रुपैया मात्र)**
प्याकेज २ को लागि रु. **६७,०००.०० (सतसट्ठी हजार मात्र)**
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट ७५ दिन मान्य अवधि (दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी) भएको सक्कल बैंक जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ।
जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : **SALRUKH KHANEPANI TATHA SARSAFAI US**

९. दर्ता भएका सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस **संयुक्त खरिद समिति, पञ्चदेवल विनायक नगरपालिका**, अछाममा सुरक्षित रहनेछ।

## खण्ड २

### २. दरभाउपत्रदातालाई निर्देशन (Instruction to bidder)

| | |
|---|---|
| १. खरिद गरिने विषयको क्षेत्र | १.१ यस सिलवन्दी दरभाउपत्र (sealed quotation) सम्बन्धी कागजातमा संलग्न स्पेशिफिकेशन र परिमाणको सुचि अनुसारको सामाग्री खरिद गर्न गराउन यो सिलवन्दी दरभाउपत्र आव्हान गरिएकों छ । सफल दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भए बमोजिम सामाग्रीहरु आपूर्ति गर्न तथा त्यससँग सम्बन्धित सेवा प्रदान गर्नु पर्नेछ । |
| २. लागु हुने अवस्था | २.१ खरिद सम्झौताका अन्य भागमा उल्लेख गरिएका कुराहरुले कुनै परिवर्तन गरेका अवस्थामा बाहेक खरिद सम्झौताको सामान्य शर्तमा उल्लेख भएका कुराहरु लागु हुनेछन । |
| ३. दरभाउपत्रदाताको योग्यता | ३.१ सूचना बमोजिम सिलवन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्र सम्बन्धी विवरणमा उल्लेखित प्रमाण, कागजातहरु पेश गर्ने सबै आपूर्तिकर्ताहरु कानून बमोजिम भएको मानिनेछ ।<br>३.२ सामाग्री खरिदको काम कारवाहीमा समावेश हुने दरभाउपत्रदाताले खरिद सम्झौता प्राप्त गरेमा सफलता पूर्वक सम्झौता कार्यान्वयन गर्न सक्षमता प्रमाणित गर्न दरभाउपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेखित प्रमाण कागजातहरु पेश गर्नु पर्नेछ ।<br>३.३ सिलवन्दी दरभाउपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको सामाग्रीको औद्योगिक उत्पादनको प्रमाण कागजात आवश्यक भएमा पेश गर्नु पर्नेछ ।<br>३.४ दरभाउपत्रदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुठा वा सारभुत रुपमा अपुरो भएको पाइएमा कुनै पनि समयमा त्यस्तो दरभाउपत्रदातालाई अयोग्य ठहराउन सक्नेछ । |
| ४. एउटा दरभाउपत्रदाताले एउटा प्याकेजमा एक मात्र सिलवन्दी दरभाउपत्र पेश गर्न पाउने | ४.१ एक दरभाउपत्रदाताले एक मात्र सिलवन्दी दरभाउपत्र पेश गर्न सक्नेछ । एक दरभाउपत्रदाताले एक भन्दा बढी सिलवन्दी दरभाउपत्र पेश गरेमा सो वोलपत्रदाता सहभागी भएको सवै सिलवन्दी दरभाउपत्रहरु रद्द हुनेछन । |
| ५. सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातका बिषयहरु | ५.१ सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा देहायमा उल्लेखित कागजातहरु रहनेछन:<br>(क) सिलवन्दी दरभाउपत्र आह्वानको सूचना<br>(ख) दरभाउपत्रदातालाई निर्देशन<br>(ग) सिलवन्दी दरभाउपत्र तथ्यांक सम्बन्धी विवरण<br>(घ) फारामका नमूनाहरु: सिलवन्दी दरभाउपत्र पेश गरेको निबेदन फाराम र खरिद सम्झौताको फाराम<br>(ङ) खरिद सम्झौताका सामान्य शर्तहरु<br>(च) खरिद सम्झौताको विशेष शर्तहरु<br>(छ) आपूर्ति तालिका<br>(ज) प्राविधिक विशिष्टीकरण (technical specification)<br>(झ) नक्सा (drawing)<br>(ञ) कार्य परिमाण सुचि (bill of quantity or price schedule)<br>(ट) अनुभब प्रमाणपत्र (experience letter)<br>(ठ) जमानत फारामका नमूनाहरु: सिलवन्दी दरभाउपत्र जमानत, कार्य सम्पादन जमानत तथा पेश्कि भुक्तानीका लागि जमानत, |
| ६. सिलवन्दी दरभाउपत्रको भाषा | ६.१ सिलवन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कागजपत्रहरुको भाषा नेपाली र अंग्रजी भाषामा हुनेछ । |
| ७. सिलवन्दी दरभाउपत्रको मुद्रा | ७.१ सिलवन्दी दरभाउपत्रको मुद्रा नेपाली रुपैयाँ हुनेछ र खरिद सम्झौता बमोजिमका भुक्तानी समेत नेपाली रुपैयाँमा गरिनेछ । |
| ८. सिलवन्दी दरभाउपत्र | ८.१ दरभाउपत्रदातालाई सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित कुनै कुरामा द्विविधा |



संयुक्त खरिद समिति

| | |
|---|---|
| सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने | वा जिज्ञासा भएमा स्पष्ट गरी दिन सिलवन्दी दरभाउपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएका समयावधी भित्र सोही विवरणमा उल्लेख भएको ठेगानामा लिखित रुपमा अनुरोध गर्न सकिनेछ। |
| ९.सिलवन्दी दरभाउपत्र पेश गर्न पूर्वको बैठक | ९.१ सिलवन्दी दरभाउपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको अवस्थामा सोही विवरणमा उल्लेख भएको मिति, समय र स्थानमा सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिनभन्दा कम्तीमा पाँच दिन अगावै आवश्यकता अनुसार सिलवन्दी दरभाउपत्र पेश गर्नु पूर्वको बैठक गर्न सकिनेछ।<br>९.२ सिलवन्दी दरभाउपत्र पेश गर्न पूर्वका बैठकमा दरभाउपत्रदाताले खरिदकर्ता समक्ष कागजातमा उल्लेख भएका खरिद कारबाही सम्बन्धी कुनै प्रश्न वा जिज्ञासा राख्न सक्नेछन र खरिदकर्ताले प्रश्नकर्ताहरुको सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने सबै दरभाउपत्रदाताहरुलाई त्यस्तो प्रश्न वा जिज्ञासाको जवाफ दिनु पर्नेछ। |
| १०. सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा संशोधन गर्न सकिने | १०.१ दरभाउपत्रदाताको जिज्ञासालाई सम्बोधन गर्नका लागि वा अन्य कारणले गर्दा खरिदकर्ताले सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति अघि सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा हेरफेर वा संशोधन गर्न सक्नेछ। सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा संशोधन गरिएमा त्यस्तो कागजात खरिद गर्ने सबै दरभाउपत्रदाताहरु लाई दिईनेछ। सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम समयावधि पाँच दिन बाँकी नभएका अवस्थामा सिलवन्दी दरभाउपत्र पेश गर्ने समयावधि कम्तिमा पनि सात दिन बढाइ सूचना प्रकाशित गरिनेछ।<br>१०.२ यसरी सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा कुनै हेरफेर वा संशोधन गरिएको भएमा त्यस्तो हेरफेर वा संशोधन समेत सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातको अभिन्न अंश हुनेछ। |
| ११. गुणस्तरको निश्चितता तथा आपूर्ति | ११.१ प्राविधिक विवरण (technical specification) मा उल्लेख भए बमोजिम गुणस्तरीय सामानहरु आपूति गर्नु पर्नेछ।<br>११.२ सिलवन्दी दरभाउपत्रमा उल्लेख भएका सामाग्रीहरु नेपाल वा विदेशी राष्ट्रको मान्यता प्राप्त निकायले प्रदान गरेको मापदण्ड बमोजिम गुणस्तर चिन्ह प्राप्त गरेको हुनु पर्नेछ।<br>११.३ कुनै अतिरिक्त खर्च वेगर प्रस्तावित खरिदका लागि निर्धारित गुणस्तर (स्पेसिफिकेशन) बमोजिमका सामान हो होइन भन्ने निश्चित गर्न निरीक्षण, परीक्षण गर्न पाउने अधिकार खरिदकर्तालाइ हुनेछ। उक्त निरीक्षण, परीक्षण आपुर्तिकर्ताको गोदाम वा पसल वा ढुवानी गर्नु पर्ने स्थानमा हुन सक्नेछ। उक्त निरीक्षण, परीक्षणका लागि खरिदकर्ताले प्रतिनिधि तोक्न सक्ने छ। साथै सामाग्री ढुवानी पुर्व वा ढुवानी हुने स्थानमा सामाग्री चेक जांच गराउने जिम्मेवारी आपुर्तिकर्ताको पनि हुनेछ।<br>११.४ निरीक्षण, परीक्षण गरिएको कुनै सामान स्पेसिफिकेशन बमोजिम रहेको छ भन्ने कुरा सुनिश्चित नभएमा खरिदकर्ताले यस्तो सामान अस्वीकार गर्न सक्नेछ र आपूर्तिकर्ताले त्यस्का सट्टा स्पेसिफिकेशन बमोजिम हुनेगरी त्यस्तो सामान प्रतिस्थापन गर्नु पर्नेछ। |
| १२. कबोल मूल्य | १२.१ दरभाउपत्रदाताले खरिद सम्झौता अन्तरगत आपूर्ति गरिने सामाग्रीको मूल्य परिमाण सुचिमा उल्लेख भएका सबै आईटमको प्रति इकाइ मूल्य र कुल मूल्य उल्लेख गर्नु पर्नेछ।<br>१२.२ दरभाउपत्रदाताले सामाग्रीको दररेट प्रचलित बजार मूल्यको शत प्रतिशत भन्दा बढी वा अस्वभाविक दर उल्लेख गरेको पाइएमा त्यस्तो दरभाउपत्र रद्द गर्न सकिनेछ ।<br>१२.३ कबोल मूल्यमा खरिद सम्झौता बमोजिम दरभाउपत्रदाताले तिर्नुपर्ने (मू.अ. कर बाहेक) कर, शुल्क लगायत अन्य शुल्कहरु समेत समावेश रहेको मानिनेछ।<br>१२.४ दरभाउपत्रदाताले दरभाउपत्रमा उल्लेख गरेको मूल्य अपरिवर्तनीय रहनेछ। मूल्य परिवर्तन नहुने कुरा सम्झौता बमोजिमको काम सम्पन्न नहुन्जेल सम्मका अवधिका लागि लागु हुनेछ र यस अवधिमा हुने कुनै मुल्य परिवर्तनलाई मानिने छैन।<br>१२.५ वोलपत्रदाताले दर कवोल गर्दा तोकिएको ढुवानी गर्ने स्थान सम्मको ढुवानी रकम सामावेश गरि दर कवोल गर्नु पर्नेछ। |



खरिद समिति

| | |
|---|---|
| १३. सिलवन्दी दरभाउपत्रको मान्य अवधि | १३.१ दरभाउपत्रको मान्य अवधि (दरभाउपत्रमा उल्लेखित मूल्यदरहरु) सिलवन्दी दरभाउपत्र खोलिएको मिति देखि गणना हुने गरी सिलवन्दीदरभाउपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको अवधिसम्म मान्य रहनेछ। |
| १४. सिलवन्दी दरभाउपत्र जमानत | १४.१ वोलपत्रदाताले सिलवन्दी दरभाउपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको रकम र मान्य अवधिमा नघटने गरी सिलवन्दी दरभाउपत्र जमानत सिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र जमानत पेश गर्दा नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकवाट जारी गरिएका शर्त रहित वोलपत्र जमानतको बैंक ग्यारेण्टी सक्कलै पेश गर्नु पर्नेछ।<br>१४.२ सिलवन्दी दरभाउपत्र जमानत देहायको अवस्थामा जफत हुनेछ :<br>(क) सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय पछि दरभाउपत्र मान्य हुने अवधि भित्र दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र संशोधन गर्ने वा फिर्ता गर्न माग गरेमा,<br>(ख) सिलवन्दी दरभाउपत्रमा देखिएका अंकगणितीय त्रुटी सच्याइएको कुरा दरभाउपत्रदाताले स्वीकार नगरेमा,<br>(ग) छनौट भएको दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र सम्वन्धी कागजातमा उल्लिखित शर्त बमोजिम खरिद सम्झौता नगरेमा,<br>(घ) सिलवन्दी दरभाउपत्र सम्वन्धी कागजातमा उल्लिखित कार्यसम्पादन जमानत दरभाउपत्रदाताले खरिद सम्झौता गर्ने म्याद भित्र दिन नसकेमा,<br>(ङ) सिलवन्दी दरभाउपत्र परीक्षणको सिलसिलामा खरिदकर्ताले माग गरेको कुनै जानकारी दिंदा दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्रका मुल्य वा सारभुत कुरा परिवर्तन गरेमा,<br>(च) प्रचलित कानून बमोजिम दरभाउपत्रदाताको आचरण विपरित काम गरी कालो सुचिमा राखिएमा। |
| १५. संयुक्त उपक्रम (joint venture) | १५.१ यस खरिद प्रक्रियामा संयुक्त उपक्रम (joint venture) लाई मान्यता दिइएको छैन। साथै, संयुक्त उपक्रम वनाई सिलवन्दी दरभाउपत्र पेश भएमा त्यस्तो सिलवन्दी दरभाउपत्रलाई रद्द गरिनेछ। |
| १६. सिलवन्दी दरभाउपत्रमा हस्ताक्षर गर्नु पर्ने | १६.१ सिलवन्दी दरभाउपत्रको प्रत्येक पेजमा नमेटिने मसीले लेखिएको र आधिकारिक व्यक्तिबाट हस्ताक्षर र छाप लगाएको हुनुपर्नेछ।<br>१६.२ सिलवन्दी दरभाउपत्र अन्तर्गत ७.१.२ सामाग्रीको परिमाण सहितको मूल्यसूचिमा लेखिएका कुनै दर सच्चाइएको, फेरबदल गरिएको, थपिएको भएमा सो स्थानमा माथि उल्लेखित आधिकारिक हस्ताक्षरीबाट हस्ताक्षर गरी छाप लगाइएको हुनु पर्नेछ। दरभाउपत्र पेश गर्दा खरिद समिति वा उपभोक्ता समितिले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ। अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन।<br>१६.३ दरहरू उल्लेख गर्दा दरभाउपत्रमा केरमेट वा टिपेक्स वा अन्य मेटाउने सामाग्रीहरू प्रयोग गरिएको भएमा त्यस्तो दरभाउपत्रहरु रद्द हुन् सक्नेछन। दरहरू उल्लेख गर्दा गल्ती भएमा एक पटक काटेर दरहरू पुन: लेखी आधिकारिक हस्ताक्षर र फर्मको छाप लगाएको छ भने उक्त दरभाउपत्रलाई मान्यता दिन सक्नेछ अन्यथा रद्द गर्न सक्नेछ। |
| १७. शिलवन्दी गरी खाम बाहिर लेख्न पर्ने कुरा | १७.१ दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र पेश गर्न अघि खामबन्दी गरी लाहाछाप लगाउनु पर्नेछ र खामका वाहिर सिलवन्दी दरभाउपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भए बमोजिम "समिति वा संयुक्त खरिद समितिको नाम र ठेगाना", "सामाग्री आपूर्ति सम्बन्धी सिलवन्दी दरभाउपत्रको प्याकेज नम्बर", " सिलवन्दी दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम र ठेगाना" व्यहोरा उल्लेख गर्नु पर्नेछ। |
| १८. सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थान | १८.१ दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेखित मिति, समय र स्थान भित्र खरिदकर्ता समक्ष सिलवन्दी दरभाउपत्र दाखिला गर्नु पर्नेछ।<br>१८.२ सिलवन्दी दरभाउपत्र पेश गर्दा सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा निर्धारित ढांचामा भरी आफैंले वा आफना प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत पेश गर्नु पर्ने स्थान, अन्तिम |



खरिद समिति

| | |
|---|---|
| | मिति र समय भित्र पेश गर्नु पर्नेछ। हुलाक वा कुरियर मार्फत पेश भएकोमा म्याद नाघी प्राप्त हुन आएमा त्यस्तो सिलवन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।<br>१८.३ सिलवन्दी दरभाउपत्र तथ्याङ्क सम्बन्धी विवरणमा विद्युतीय संचार माध्यमबाट सिलवन्दी दरभाउपत्र पेश गर्न सकिने व्यवस्था गरिएको भएमा सोही विवरणमा उल्लिखित निर्देशन बमोजिम सिलवन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।<br>१८.४ दर्ता भइसकेको अवस्थामा सिलवन्दी दरभाउपत्र फिर्ता वा संसोधन गर्न पाइने छैन। |
| १९. सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय, स्थान र सिलवन्दी दरभाउपत्र खोल्ने प्रक्रिया | १९.१ दाखिला भएका सिलवन्दी दरभाउपत्रहरु सिलवन्दी दरभाउपत्रको तथ्याङ्क सम्बन्धी विवरणमा उल्लेख भएको मिति, समय र स्थानमा उपस्थित वोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिने छन्। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएका कारणले खोल्न बाधा पर्ने छैन।<br>१९.२ खरिदकर्ताले दाखिला भएका सिलवन्दी दरभाउपत्रहरु मध्ये क्रमैसंग खोली देहायको कुरा पढेर सुनाइ सोको मुचुल्का तयार गर्नु पर्नेछ र खोल्ने कार्यमा संलग्न पदाधिकारीहरु तथा उपस्थित दरभाउपत्रदाता वा निजका प्रतिनिधिको उपस्थिति गराउन पर्नेछ:–<br>- आपुर्तिकर्ता, फर्म वा कम्पनिको नाम र ठेगाना,<br>- संलग्न गरिएको कागजातहरुको विवरण,<br>- कुल कबोल अङ्क,<br>- कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा वा शंसोधन सम्बन्धि अतिरिक्त कुनै व्यहोरा,<br>- दरभाउपत्रमा कुनै कैफियत उल्लेख गरेको भए सोको व्यहोरा, |
| २०. आवश्यक जानकारी माग गर्न सकिने | २०.१ खरिदकर्ताले सिलवन्दी दरभाउपत्रको परीक्षण वा मूल्याङ्कनको सिलसिलामा दरभाउपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्नेछ।<br>२०.२ खरिदकर्ताले माग गरेको जानकारी सम्बन्धित दरभाउपत्रदाताले खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ र त्यसरी जानकारी दिंदा दरभाउपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न पाइने छैन। |
| २१. मुल्याङ्कन प्रक्रिया गोप्य रहने | २१.१ सफल दरभाउपत्रदातालाई दरभाउ स्वीकृत गर्ने आशयको सूचना नदिए सम्म सिलवन्दी दरभाउपत्रहरुको परीक्षण, मूल्याङ्कन र तुलना, दरभाउपत्रदातासंग माग भएको जानकारी तथा स्वीकृतिको सिफारिस जस्ता प्रक्रियाहरु गोप्य राखिनेछ।<br>२१.२ सिलवन्दी दरभाउपत्र खोलेको समय देखि स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा सिलवन्दी दरभाउपत्रको सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले खरिदकर्तासँग सम्पर्क गर्ने वा परीक्षण र मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गरेमा निजको दरभाउपत्र रद्द हुनेछ। |
| २२. पूर्णताको परीक्षण | २२.१ खरिदकर्ताले सिलवन्दी दरभाउपत्र सम्वन्धी कागजातमा दरभाउपत्रदातालाई दिइएको निर्देशन अनुरुप दरभाउपत्र पूर्ण भए वा नभएका सम्बन्धमा देहाय बमोजिम मूल्याङ्कन समितिले पूर्णताको परीक्षण गर्न सक्नेछ:<br>- दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भए वा नभएको,<br>- सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमका किसिम, अवधि र रकमका जमानत संलग्न भए वा नभएको,<br>- दरभाउपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश भए वा नभएको,<br>- सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात भरी पेश भए वा नभएको,<br>- माग भए बमोजिमका मान्य अवधि भए, वा नभएका,<br>- सारभूतरुपले असर गर्ने शर्त राखी सिलवन्दी दरभाउपत्र पेश भए वा वा नभएको,<br>- खरिदकर्ताले माग गरेको अन्य कागजात पेश भए वा नभएको, |
| २३. अंक गणितीय त्रुटी सच्याउन सकिने | २३.१ सिलवन्दी दरभाउपत्र परीक्षण गर्दा दरभाउपत्रमा कुनै अंक गणितीय त्रुटी पाइएमा खरिदकर्ताले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउंदा इकाइ दर र कूल रकममा भिन्नता भएमा |



संयुक्त खरिद समिति

| | |
|---|---|
| | इकाइ दर मान्य हुनेछ र सोही दर बमोजिम कूल रकम सच्याईनेछ।<br>२३.२ दरभाउपत्रमा उल्लेख गरेको ईकाइ दरमा लेखिएको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएका रकम मान्य हुनेछ। खरिदकर्ताले त्रुटी सच्याएकोमा सो को जानकारी सम्बन्धित दरभाउपत्रदातालाई दिईनेछ।<br>२३.३ दरभाउपत्रमा देखिएका अंकगणितीय त्रुटी सच्याइएको कुरा दरभाउपत्रदाताले स्वीकार नगरेमा निजका सिलवन्दी दरभाउपत्र रद्द गरी जमानत जफत गर्न सक्नेछ। |
| २४. मूल्याङ्कन तथा तुलना | २४.१ सिलवन्दी दरभाउपत्रको मूल्याङ्कन कागजातमा उल्लिखित सवै शर्तहरु तथा प्राबिधिक स्पेशिफिकेशनको सोही कागजातमा उल्लिखित आधार र तरिका अनुसार परीक्षण गरी सारभूतरुपमा प्रभावग्राही भए नभएको मूल्याङ्कन गर्नेछ।<br>२४.२ दरभाउपत्रदाताले सन्तोषजनक रुपमा सामाग्री आपूर्ति गर्न नसक्ने गरी अस्वाभाविक न्यून दर उल्लेख गरेको वा सामाग्रीको प्राविधिक स्पेसिफिकेशन गलत रुपमा बुझी वा नबुझी अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेका भएमा सम्बन्धित दरभाउपत्रदातासँग स्पष्टीकरण माग गर्न सकिनेछ। सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक भएमा त्यस्ता दरभाउपत्रदातासँग निजको कबोल अङ्कको दश प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिई सिलवन्दी दरभाउपत्र स्वीकृत गर्न सकिनेछ र स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो दरभाउपत्र अस्वीकृत गर्न सकिनेछ।<br>२४.३ खरिदकर्ताले सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेखित सवै शर्तहरु पूरा गरेको प्रत्येक सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरुको मूल्याङ्कित रकम अर्को दरभाउपत्रको मूल्याङ्कित रकमसंग तुलना गरी न्यूनतम अंक कबोल गर्ने सिलवन्दी दरभाउपत्र निधारण गर्नु पर्नेछ।<br>२४.४ न्यूनतम अंक कबुल गर्ने दरभाउपत्रदाताको योग्यता जाँच गर्दा सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भएको पाईएमा त्यस्तो सिलवन्दी दरभाउपत्र न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही सिलवन्दी दरभाउपत्र मानिनेछ। |
| २५. सिलवन्दी दरभाउपत्र स्वीकृतिको आशयको सूचना दिने | २५.१ संयुक्त/खरिद समितिले सिलवन्दी दरभाउपत्रको मुल्यांकन पश्चात उपभोक्ता समितिलाई खरिद प्रक्रियाका कागजात सहित सिफारिस गर्नु पर्नेछ।<br>२५.२ उपभोक्ता समितिले कार्यक्रमबाट कार्य सहमति पत्र (No objection Letter) लिनु पर्नेछ।<br>२५.३ कार्य सहमति पत्र (No objection Letter) प्राप्त भएपछि मात्र उपभोक्ता समितिले छनौट भएको दरभाउदातालाई दरभाउपत्र स्वीकृत भएको आसयको पत्र दिनु पर्नेछ। |
| २६. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, सो को जानकारी दिने र सम्झौता गर्ने | २६.१ छनौट भएको दरभाउपत्रदाताको सिलवन्दी दरभाउपत्र स्वीकृत गरी निजलाई कम्तिमा १५ दिन भित्र खरिद सम्झौता गर्नको लागि सूचना दिइने छ। वोलपत्र तथ्याङ्क विवरणमा कार्य सम्पादन जमानतको बारेमा उल्लेख भए सोको वारेमा पनि उल्लेख गर्नु पर्नेछ। तोकिएको मिति भित्र दरभाउपत्रदाता सम्झौता गर्न नआएमा सो भन्दा पछिको अर्को न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरि निजसंग खरिद सम्झौता गरिने छ।<br>२६.२ खरिद सम्झौता सम्पन्न भए पछि खरिदकर्ताले सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्य दरभाउपत्रदाताहरुलाई जानकारी पठाउनेछ। |
| २७. कार्य सम्पादन जमानत | २७.१ सिलवन्दी दरभाउपत्र स्वीकृत भएको सूचना पाएको १५ दिनभित्र सफल दरभाउपत्रदाताले सम्झौता रकमको ५ प्रतिशत (मू. अ. कर सहित) ले हुने रकमको नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकवाट जारी गरिएका शर्त रहित कार्य सम्पादन बैंक ग्यारेण्टी सक्कलै पेश गर्नु पर्नेछ।<br>२७.२ कार्य सम्पादन जमानत (performance security) खरिदकर्ता समक्ष पेश गरी सम्झौता गरिसक्नु पर्नेछ।<br>२७.३ माथि उल्लेखित समयावधिभित्र कार्य सम्पादन जमानत सहित दरभाउपत्रदाता सम्झौता गर्न |



खरिद समिति

| | |
|---|---|
| | नआएमा निजको सिलवन्दी दरभाउपत्रको जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिका क्रमश: अर्को न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही दरभाउपत्रदाताको सिलवन्दी दरभाउपत्र स्वीकृत गरी खरिद सम्झौता गर्ने वा संयुक्त खरिद समितिको निर्णय बमोजिम हुनेछ। |
| २८. सम्झौता गर्दा परिमाणमा हेरफेर गर्न सकिने | २८.१ खरिद सम्झौतामा उल्लेख गरिएको (आपूर्ति तालिका) सामाग्रीहरुको परिमाणमा कुनै शर्त वा मूल्यमा परिवर्तन नगरी परिमाण थपघट गर्ने अधिकार खरिदकर्तामा सुरक्षित रहने छ।<br>२८.२ सामाग्री आपुर्तिको करार अवधि भित्र सामाग्रीको परिमाणमा थपघट भएमा कवोल दरमा नै आपिुर्तिकर्ताले सामाग्री आपूर्ति गर्नु पर्नेछ। |
| २९. दरभाउपत्रदाताको आचरण | २९.१ खरिद सम्झौताले निर्दिष्ट गरेको विषय, सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएको व्यवस्था बमोजिमको दायित्व निर्बाह गर्ने आपूर्तिकर्ताको जिम्मेवारी हुनेछ।<br>२९.२ दरभाउपत्रदाताले खरिद प्रकृयामा वा खरिद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने मनसायले देहायका कार्य गर्नु वा गराउन हुदैन:—<br>- प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न,<br>- तथ्य बंग्याइ वा झुक्याई पेश गर्न,<br>- भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,<br>- सिलवन्दी दरभाउपत्र सम्बन्धी काम कारबाईमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिस्पर्धी दरभाउपत्रदाताको सहभागितामा हस्तक्षेप गर्न,<br>- खरिद कारबाईमा संलग्न कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्न प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,<br>- दरभाउपत्रदाताहरुबीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा सिलवन्दी दरभाउपत्रका मूल्य कृतिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्न वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उदेश्यले सिलवन्दी दरभाउपत्र पेश गर्न भन्दा अघि वा पछि मिलोमता गर्न वा गुटबन्दीमा संलग्न हुन,<br>- सिलवन्दी दरभाउपत्र खोलेको समय देखि सिलवन्दी दरभाउपत्र स्वीकृतिको सूचना नदिंदा सम्मको अवधिमा सिलवन्दी दरभाउपत्रको सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले खरिद कार्यमा संलग्न व्यक्तिसँग सम्पर्क गर्न वा सिलवन्दी दरभाउपत्रको परीक्षण र मूल्यांकनमा सिलवन्दी दरभाउपत्रको मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गर्न, |
| ३०. नेपालमा उत्पादित वस्तुलाई ग्राहयता। | ३०.१ नेपालमा उत्पादित मान्यता प्राप्त सामाग्रीहरुलाई आपुर्ति गर्न प्रोत्साहित गरिने छ। |
| ३१. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार खरिदकर्ताको हुने | ३१.१ कुनै दरभाउपत्रदाताको सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, खरिद कारबाही रद्द गर्ने वा खरिद आदेश प्रदान गर्नु अघि कुनै पनि समयमा सबै सिलवन्दी दरभाउपत्रहरु रद्द गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा रहने छ। यसरी सिलवन्दी दरभाउपत्र रद्द गरिएको भएमा रद्द गरिएको कारण सिलवन्दी दरभाउपत्र पेश गर्ने सबै दरभाउपत्रदातालाई जानकारी दिईनेछ। |
| ३२. भुक्तानी | ३२.१ सक्कल भ्याट विल र सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी र जडान तथा कार्य सम्पन्न पश्चात भुक्तानी गरिनेछ।<br>३२.२ खरिदकर्ताको सुविधा वा अनुकुलता अनुसार पूर्ण वा आंशिक भुक्तानी गर्न सकनेछ। |

संयुक्त खरिद समिति
धनदेवल विनायक नगरपालिका, अछाम

## खण्ड ३

### ३.१ सिलवन्दी दरभाउपत्र तथ्यांक सम्बन्धी विवरण (bid data sheet)

| दरभाउपत्रदातालाई निर्देशनको दफा | दफा न. | विवरण |
|---|---|---|
| खरिद गरिने विषयको क्षेत्र | ITB १ | सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा संलग्न स्पेशिफिकेशन र परिमाणको सुचि अनुसारको सामाग्री आपूर्ति गर्ने<br>**प्याकेज २ :** खानेपानी योजनाको लागि सोलार वाटर लिफ्ट प्रणालीको सामानको आपूर्ति, डेलिभरी र स्थापना गर्ने कार्य (Supply, delivery and installation of solar water lift system accessories of water supply system) |
| वोलपत्रदाताको ग्राह्यता | ITB ३ | दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र पेश गर्न कानून बमोजिम योग्य भएका पुष्टयाई गर्न देहायका कागजातहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ:<br>(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>(ग) आ.ब. २०८०/०८१ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि<br>(घ) माग गरिए अनुसारको बैंक जमानत<br>(ङ) माग गरिए अनुसारको अनुभब प्रमाणपत्र |
| सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने | ITB ८ | सम्भावित दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र सम्बन्धमा द्विविधा भएमा देहायको इमेलमा स्पष्ट गर्न सुचना प्रकाशित भएको मितिले ७ दिन सम्म अनुरोध गर्न सक्नेछ:<br>इमेल: rudecachham@gmail.com |
| सिलवन्दी दरभाउपत्र पेश गर्नु पूर्वको बैठक (Pre-bid meeting) | ITB ९ | सिलवन्दी दरभाउपत्र पेश गर्नु पूर्वको बैठक हुने/नहुने उल्लेख गर्ने।<br>यदि बैठक गर्नु पर्ने भएमा मिति र स्थान उल्लेख गर्ने:<br>मिति: लागु नहुने<br>स्थान: लागु नहुने |
| सिलवन्दी दरभाउपत्रको मान्य अवधि | ITB १३ | सिलवन्दी दरभाउपत्रको मान्य अवधि ९० दिनको हुनेछ। |
| सिलवन्दी दरभाउपत्रको जमानत | ITB १४ | **वैंक जमानतपत्र पेश गर्नु वा नगर्नु पर्ने उल्लेख गर्ने**<br>वैंक जमानतपत्र पेश गर्नु पर्ने भएमा,<br>जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : **SALRUKH KHANEPANI TATHA SARSAFAI US**<br>जमानत रकम र मान्य अवधि रु. : ६७,०००.०० (सतसठ्ठी हजार रुपैया मात्र)<br>मान्य अवधि: ७५ दिन (दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी)<br>जारी गर्ने वैंकको किसिम : नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट मात्र |
| सिलवन्दी दरभाउपत्र शिलवन्दी गरी खाम बाहिर लेख्नु पर्ने कुरा | ITB १७ | "निर्माण सामाग्री आपूर्ति सम्बन्धी सिलवन्दी दरभाउपत्र"<br>सिलवन्दी दरभाउपत्र माग गर्नेको नाम र ठेगाना: **संयुक्त खरिद समिति पञ्चदेवल विनायक नगरपालिका, अछाम**<br>सिलवन्दी दरभाउपत्र पेश गर्ने फर्म, सस्था वा कम्पनीको नाम र ठेगाना: ...................................... |



संयुक्त खरिद समिति पञ्चदेवल विनायक नगरपालिका, अछाम

| दरभाउपत्रदातालाई निर्देशनको दफा | दफा न. | विवरण |
|---|---|---|
| सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | ITB १८ | मिति: **२०८१ पौष २१ गते (५ जनवरी २०२५)**<br>समय: **दिउसो १२.०० बजे भित्र**<br>स्थान: **ग्रामिण बिकास केन्द्र (रुडेक)-नेपाल, केन्द्रीय कार्यलय, मंगलसेन, अछामको कार्यालय, फोन नं ०९७ ६२०२१८ वा ९८६८९७८५९१ (संयोजक-संयुक्त खरिद समिति)** |
| सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय, र स्थान | ITB १९ | मिति: **२०८१ पौष २१ गते (५ जनवरी २०२५)**<br>समय: **दिउसो १.०० बजे**<br>स्थान: **ग्रामिण बिकास केन्द्र (रुडेक)-नेपाल, केन्द्रीय कार्यलय, मंगलसेन, अछामको कार्यालय** |
| कार्य सम्पादन जमानत (performance security) | ITB २७ | कार्य सम्पादन जमानतपत्र पेश गर्नु पर्ने,<br>जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : ..............................<br>जमानत रकम रु.: ........... (मु.अ.कर सहित कुल कबुल अंकको ५ प्रतिशतले हुन आउने रकम)<br>मान्य अवधि: **१८० दिन** |

### ३.२ मूल्याङ्कन र योग्यता मापदण्ड

आवश्यक फारम र कागजातहरू प्राविधिक बोलपत्रहरूको भाग हुनेछन् ।

| क्र.सं. | विवरण | आवश्यकताहरू |
|---|---|---|
| १ | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि | अनिवार्य |
| २ | मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्रको प्रतिलिपि | अनिवार्य |
| ३ | आ.ब. २०८०/०८१ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि | अनिवार्य |
| ४ | माग गरिए अनुसारको बैंक जमानत | अनिवार्य |
| ५ | माग गरिए अनुसार मुल्य सुचीको तालिका | अनिवार्य |
| ६ | समान प्रकृतिका कम्तीमा ३ वटा सोलार लिफ्टिङ खानेपानी योजनाका सामग्री आपूर्ति र लिफ्टिङ प्रणाली जडान गरेको अनुभव प्रमाणपत्रको प्रतिलिपि | अनिवार्य |

### ३.३ दरभाउपत्रदाताको जानकारी सम्बन्धी विवरण

(दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र साथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ)

**आपूर्तिकर्ता, फर्म वा कम्पनिको**

नाम: ..........................................................................

ठेगाना: ..........................................................................

टेलिफोन नम्बर: ..........................................................................

ईमेल: ..........................................................................

**दरभाउपत्रदाताले बोलपत्रमा हस्ताक्षर गर्ने अधिकार दिएका व्यक्तिको**

नाम: ..........................................................................

ठेगाना: ..........................................................................

टेलिफोन नम्बर: ..........................................................................

ईमेल: ..........................................................................

संयुक्त खरिद समिति

## खण्ड ४

### ४.१ सम्झौताका सामान्य शर्तहरु (general condition of contract)

| | |
|---|---|
| १. परिभाषा | १.१ यस सम्झौतामा उल्लेख भएका निम्न शब्दहरुको अर्थ निम्न उल्लेख भए बमोजिम हुनेछन् :<br>(क) "खरिद सम्झौता" भन्नाले खरिदकर्ता र आपूर्तिकर्ताबीच भएको सम्झौता र सम्झौतामा उल्लिखित अन्य कागजपत्रहरुलाई सम्झनु पर्दछ,<br>(ख) "सम्झौता रकम" भन्नाले सम्झौता अन्तरगतको सम्पूर्ण काम सम्पादन गरे वापत आपूर्तिकर्तालाई भुक्तानी दिइनु पर्ने मूल्य सम्झनुपर्दछ,<br>(ग) "सामाग्री" भन्नाले खानेपानी तथा सरसफाइ योजना निर्माणका लागि आवश्यक पर्ने निर्माण सामाग्री भन्ने सम्झनुपर्छ,<br>(घ) "खरिदकर्ता" भन्नाले खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भएको सामाग्री खरिद गर्ने उपभोक्ता समितिलाई सम्झनुपर्दछ,<br>(ङ) "आपूर्तिकर्ता" भन्नाले यस सम्झौताको विशेष शर्तमा उल्लेख भएको सामाग्री आपूर्ति गर्ने व्यक्ति/फर्म/संस्था/कम्पनी वा त्यस्तो व्यक्ति/फर्म/संस्था/कम्पनीको कानूनी रुपले भएको उत्तराधिकारीलाई सम्झनु पर्नेछ, तर खरिदकर्ताको मन्जुरी विना कुनै प्रतिनिधि मान्य हुने छैन,<br>(च) "स्पेशिफिकेशन (specification): भन्नाले खरिद सम्झौता बमोजिम आपूर्ति हुने सामाग्रीहरुको प्राविधिक विवरण सम्झनु पर्दछ,<br>(छ) "मूल्य परिमाण सूचि" भन्नाले सिलवन्दी दरभाउपत्रको अंगको रुपमा रहेको मूल्य उल्लेख गरी तयार गरिएको सामाग्रीको परिमाण सुचि सम्झनु पर्दछ,<br>(ज) "सिलवन्दी दरभाउपत्र" भन्नाले सामाग्री आपूर्ति गर्ने व्यवसायीले खरिद सम्झौतामा भएको ब्यबस्था बमोजिम सम्पूर्ण सामाग्री आपूर्ति गरी काम पूरा गर्न पेश गरेको दररेट सहितको प्रस्ताव भन्ने बुझिन्छ,<br>(झ) "सिलवन्दी दरभाउपत्र स्वीकृति पत्र" भन्नाले खरिदकर्ताले सिलवन्दी दरभाउपत्र स्वीकृत गरी आपूर्तिकर्तालाई गराएको जानकारी सम्झनु पर्दछ,<br>(ञ) "कार्यारम्भ मिति" भन्नाले सम्झौताको विशेष शर्तमा उल्लेख भएको मिति सम्झनु पर्दछ,<br>(ट) "दिन" भन्नाले क्यालेण्डर (पात्रो) मा भएको दिन सम्झनु पर्दछ,<br>(ठ) "कार्य सम्पादन अवधि (adjudication)" भन्नाले कार्य आरम्भ मिति देखि खरिद सम्झौताको बिशेष शर्तमा उल्लेखित कार्य सम्पन्न गर्न तोकिएको समयावधि वा सो अवधिमा थप भएको अवधि समेत सम्झनु पर्दछ, |
| २. व्याख्या (interpretation) | २.१ "व्यक्ति वा पक्ष (party)" भन्नाले फर्म, संस्था/कम्पनी वा संस्था सम्झनु पर्दछ। एक वचन वा कुनै एक लैङ्गिक शब्दले वहुवचन वा अर्को लैंङ्गिक शब्दलाई समेत जनाउँनेछ। |
| ३. कागजातहरुको प्राथमिकता (priority of documents) | ३.१ खरिद सम्झौतामा संलग्न कागजातहरु एक अर्कामा स्पष्ट हुनेछन्। कुनै कागजातमा अस्पष्टता वा भिन्नता देखिन आएमा खरिदकर्ताले आपूर्तिकर्तालाई आवश्यक निर्देशन दिन सक्नेछ र कागजातहरुको प्राथमिकता खरिद सम्झौतामा उल्लेख गरिएको क्रम अनुसार हुनेछ। |
| ४. लागु हुने कानुन (law) | ४.१ यस खरिद सम्झौताको प्रकृयामा नेपालको कानून लागू हुनेछन्। |
| ५. पत्र व्यवहार वा संचार (communication) | ५.१ कुनै पनि पक्षले कुनै किसिमको सूचना वा निर्देशन लिने दिने वा अन्य संचार प्रकृया सम्बन्धमा अन्यथा ब्यवस्था भएकोमा वाहेक नेपाली भाषा वा अंग्रेजी भाषामा लिखित रुपमा गर्नु पर्नेछ र त्यस्तो सूचना वा निर्देशन लिने दिने कार्यमा बिना कारण रोकिने वा ढिलाई गरिने छैन।<br>५.२ कुनै सूचना पठांउदा त्यस्तो सूचना पाउने दरभाउपत्रदाता ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले |



संयुक्त खरिद समिति

| | |
|---|---|
| | त्यस्तो सूचना बुझाउन नसकिएको अबस्थामा सो विषयको संक्षिप्त विवरण उल्लेख गरी राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सार्वजनिक सूचना प्रकाशित भएकोमा त्यस्तो व्यक्ति वा पक्षले रीतपूर्वक सूचना पाएको मानिनेछ। |
| ६. कानूनी दायित्व (statutory obligation) | ६.१ आपूर्तिकर्ताले कार्य सम्पादन गर्दा नेपालको प्रचलित कानून पालना गर्नु पर्नेछ। सामाग्री आपूर्ति गर्दा लाग्ने मूल्य अभिबृद्धि कर बाहेकका सवै शुल्क तथा दस्तुर (कर) बुझाउनु पर्नेछ। |
| ७. भाषा | ७.१ यो खरिद सम्झौता अन्तर्गत प्रयोग हुने भाषा नेपाली र आवश्यकता परेमा अंग्रेजी हुनेछ। |
| ८. सूचनाको आदान प्रदान | ८.१ सामाग्रीको खरिद सम्झौता कार्यान्वयनका क्रममा सूचना आदान प्रदान गर्ने प्रयोजनको लागि खरिदकर्ता र आपुर्तिकर्ताको ठेगाना खरिद सम्झौताको विशेष शर्तमा उल्लेख भए बमोजिम हुनेछ। |
| ९. कार्य सम्पादन जमानत (Performance security) | ९.१ आपूर्तिकर्ताले खरिद सम्झौता गर्नु अघि खरिदकर्ताबाट खरिद सम्झौता प्रदान गर्ने जानकारीपत्र प्राप्त भएको मितिले पन्ध्र दिनभित्र खरिद सम्झौताको बिशेष शर्तमा उल्लेख भए बमोजिमको रकमको मान्य अवधि भई नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजतपत्र प्राप्त बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत दाखिला गर्नु पर्नेछ।<br>९.२ सामाग्री आपूर्ति गर्ने काम पूरा भएपछि कार्य सम्पादन जमानत फिर्ता गर्न आपूर्तिकर्ताबाट काम पूरा गरेको व्यहोरा सहितको दावी प्राप्त भए पश्चात कार्यसम्पादन जमानत वापतको रकम फुकुवा गरिनेछ। |
| १०. गुणस्तरको निश्चितता र निरीक्षण तथा परीक्षण | १०.१. खरिदकर्तालाई आपूर्ति गरिने सामाग्रीहरु सम्झौतामा उल्लिखित स्पेसिफिकेशन बमोजिमको गुणस्तर भए नभएको निश्चित गर्न खरिदकर्ताको तर्फबाट थप शुल्क नव्यहोरी आबश्यकतानुसार निरीक्षण वा जाँच गर्न पाउने अधिकार हुनेछ। प्राविधिक स्पेसिफिकेशनमा उल्लेख भए अनुसारको मालसामान हो भन्ने निश्चित गर्न सम्झौताको विशेष शर्तमा उल्लिखित स्थानमा निरीक्षण वा परीक्षण गर्दा आवश्यकतानुसार सबै मालसामान वा सोको नमूना छनौट गरी गुणस्तरीयता निरीक्षण वा परिक्षण गर्न सकिनेछ।<br>१०.२ प्रत्येक पटक सामाग्री आपूर्ति हुँदा स्पेसिफिकेशन अनुसार भएको सुनिश्चित गर्न हेरेर, छामेर, तौल लिएर वा प्रयोगशालामा परीक्षण गरेर गुणस्तरीयता निरीक्षण वा परिक्षण गर्न सकिनेछ।<br>१०.३ निरीक्षण वा परीक्षणबाट अस्वीकृत सामाग्रीहरु आपूर्तिकर्ताले तुरुन्त फिर्ता लगी सोको सट्टा स्पेसिफिकेशन बमोजिमको सामान आपूर्ति गर्नु पर्नेछ।<br>१०.४ सम्झौता अनुसारको गुणस्तरको सामाग्री उपलब्ध नगराएको पाइएमा सम्भौता रद्द समेत गर्न सकिनेछ।<br>१०.५ निरीक्षण वा परीक्षण गर्दा खरिदकर्ता र आपूर्तिकर्ता वीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद सम्झौताको सामान्य शर्तको दफा १३ को प्रकृया बमोजिम समाधान गर्नु पर्नेछ |
| ११. प्याकिङ्ग | ११.१ आपूर्तिकर्ताले आपूर्ति गरिने सामाग्रीहरु खरिद सम्झौतामा अन्तिम गन्तब्य भनी उल्लेख भएको स्थानसम्म पुऱ्याउनका लागि पठाउने क्रममा हानी नोक्सानी नहुने र गुणस्तर नबिग्रने गरी उपयुक्त किसिमबाट प्याकिङ्ग गराउनु पर्नेछ।<br>११.२ सामाग्री ढुवानीको क्रममा लोड अनलोड गर्न उपयुक्त तरिका नअपनाइदा, बढी तापक्रमका कारण मालसामानमा पर्ने प्रभाव, खुला ठाउँमा राख्दा पर्ने असरहरु समेतबाट बचाउने गरी प्याकिङ्गको व्यवस्था गर्नु पर्ने छ।<br>११.३ सामाग्रीको प्याकिङ्ग गर्ने तरिका, प्याकिङ्ग भित्र र वाहिर उल्लेख गर्नुपर्ने विवरण, संकेत चिन्ह जस्ता विशेष आवश्यकताहरु आवश्यकता अनुसार उल्लेख गरिएको हुनुपर्नेछ। |
| १२. सामाग्रीको आपूर्ति | ६.१. "सामाग्रीको आवश्यकता सम्बन्धी तालिका" मा उल्लेख भए बमोजिमको सामाग्रीको आपूर्ति हुनु पर्नेछ। |
| १३. भुक्तानीको मुद्रा | १३.१ सामाग्रीको आपूर्ति भुक्तानी नेपाली रुपैयामा मात्र गरिनेछ। |

| | |
|---|---|
| १४. भुक्तानी | १४.१ सम्झौता अवधिभर कुनै पनि किसिमको पेश्की भुक्तानी गरिने छैन। आपूर्तिकर्ताले सामाग्री आपूर्ति गरे वापतको रकम भुक्तानी दावी गर्दा खरिद सम्झौतामा उल्लेखित मूल्य भन्दा फरक हुनु हुँदैन।<br>१४.२ सामाग्री खरिद सम्झौता बमोजिम आपूर्ति भई खरिदकर्ताले स्वीकार गरे पछि आपूर्तिकर्तालाई भुक्तानी **एक महिना** भित्र गर्नेछ। |
| १५. खरिद आदेशमा परिवर्तन | १५.१.खरिदकर्ताले सम्झौता अवधिभर सम्झौतामा उल्लेख गरेको शर्तहरु र कवोल गरेको दररेट परिवर्तन नहुने गरी थप सामाग्री आपुर्तिका लागि आदेश दिन सक्नेछ । आपुर्ति गर्ने अवधि आपसि समझदारीमा गर्नु पर्ने छ। |
| १६. विवाद समाधान | १६.१. खरिद सम्झौता कार्यान्वयनको क्रममा खरिदकर्ता र आपूर्तिकर्ताको वीचमा विवाद वा मतभिन्नता उत्पन्न भएमा दुवै पक्षको आपसी छलफलबाट पारस्परिक सहमतिमा विवाद समाधान गर्न अत्यधिक प्रयत्न गर्नु पर्नेछ।<br>१६.२ विवाद समाधान नभएमा खरिदकर्ता र आपूर्तिकर्ताको सहमतिमा दोस्रो पक्षको सहयोगमा पनि समाधान गर्न सकिनेछ। यसबाट पनि समस्या सामाधान नभएमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम समाधान खोजिने छ। |
| १७. सम्झौताको समाप्ती | १७.१ आपूर्तिकर्ताले खरिद सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा सम्झौता अन्त गर्न सकिने छ । आपूर्तिकर्ताले काम नगरेको कारणबाट सम्झौताको अन्त हुदा खरिद सम्झौता बमोजिमको काम गराउन लाग्ने थप खर्च वापतको दायित्व आपूर्तिकर्ताले व्यहोर्नु पर्नेछ। |
| १८. मूल्य समायोजन | १८.१ सामाग्री खरिदमा मूल्य समायोजन हुने छैन। |
| १९. कर तथा शुल्क | १९.१.नेपाल सरकारले लगाएका मूल्य अभिबृद्धि कर बाहेकका सबै किसिमका कर, शुल्क, इजाजत दस्तुर आदिका सम्बन्धमा आपूर्तिकर्ता पूर्ण रुपमा जिम्मेवार हुनेछ। |
| २०. कालो सुचिमा राख्न सकिने | २०.१ देहायको अबस्थामा दरभाउपत्रदातालाई निजको कार्यको गाम्भिरताको आधारमा खरिदकर्ताले कालो सूचिमा राख्न सक्नेछ :—<br>(क) दरभाउपत्रदातालाई निर्देशनको दफा २९ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,<br>(ख) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,<br>(ग) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा,<br>(घ) योग्यता झुठ्ठा वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा। |

संयुक्त खरिद समिति

## खण्ड ५

**५.१ सम्झौताका विशेष शर्तहरु (special condition of contract)**

| दफा | दफा नं. | विशेष शर्तहरु |
|---|---|---|
| सूचनाको आदान प्रदान | ITB १८ | **खरिदकर्ताको नाम: ……………..**<br>ठेगाना:………………<br>फोन नं.:…………………<br>इमेल ठेगाना:……………<br>**आपुर्तिकर्ताको नाम :…………..**<br>ठेगाना:…………………<br>फोन नं.………………..<br>इमेल ठेगाना:……………….. |
| कार्य सम्पादन जमानत | ITB १४ | कार्य सम्पादन जमानत रकम:……….<br>(मु.अ.कर सहितको कुल सम्झौता रकमको ५ प्रतिशतले हुन आउने रकम) |
| गुणस्तरको निश्चितता र निरीक्षण तथा परीक्षण | ITB ११ | सामाग्रीको गुणस्तर परीक्षण हुने स्थानको नाम र ठेगाना:<br>स्थानको नाम:<br>ठेगाना:<br>(सामाग्रीको गुणस्तर निरीक्षण र परीक्षण हुने स्थानको नाम र ठेगाना उल्लेख गर्ने) |
| थप खरिद आदेश | ITB २८ | - खरिद सम्झौतामा उल्लेख गरिएको (आपूर्ति तालिका) सामाग्रीहरुको परिमाणमा कुनै शर्त वा मूल्यमा परिवर्तन नगरी परिमाण थपघट गर्ने अधिकार खरिदकर्तामा सुरक्षित रहने छ।<br>- सामाग्री आपुर्तिको करार अवधि भित्र सामाग्रीको परिमाणमा थपघट भएमा कवोल दरमा नै आपिुर्तिकर्ताले सामाग्री आपूर्ति गर्नु पर्नेछ। |

संयुक्त खरिद समिति ★ पञ्चदेवल विनायक नगरपालिका, अछाम

# खण्ड ६

## ६.१ सोलार पी भी,पम्प र सामग्रीहरुको प्राविधिक विशिष्टीकरण (TECHNICAL SPECIFICATION OF SOLAR PV PUMP AND ACCESSORIES)

सामाग्रीहरुको विस्तृत प्राविधिक विवरण (स्पेसिफिकेशन) यस प्रकार छ: स्वीकृत डिजाइन लागत अनुमान अनुसार साइटमा आपूर्ति गरिएका सामग्री निम्न विशिष्टीकरणका हुनु पर्नेछ र तोकिएको स्थानमा सही तरिकाले जडान गरि, डिजाइन्मा तोकिएको परिमाणको पानी भण्डारण ट्यांकीसम्म लिफ्ट गर्नु पर्नेछ।

(The materials supplied at site as per approved design estimate should be as of following specifications and installed properly at specified location ensuring lifting of designed quantity of water up to storage tank.)

| Sn | Particular | Unit | Specification | Remarks |
|---|---|---|---|---|
| 1 | Solar Panel (25-year linear output warranty) | Set (refer technical requirements*) | • Tempered & textured clear glass with low iron content results in efficient sunlight absorption and made with 3.2 mm thick glass an ISO 9001, ISO14001, OHSAS 18001 certified production facilities.<br>• Array capacity > or = 25.20 KWP<br>• PV module efficiency > or = to 20%<br>• Cell Type- Crystalline Mono Prec Half Cell Module.<br>• Manufacturer's experience in manufacturing PV module should be minimum 10 years.<br>• A letter should be provided by principal PV module manufacturers in their letter head stating warranty period for their PV module. Product workmanship Warranty – ≥ than 10 years, Performance guarantee: first year- ≥ 97% of stc power, 10 years- ≥ 90% of STC power and 25 years- ≥ 80% of STC power<br>• The PV Module should have the International Certification, IEC 61215:2005 2nd Edition or IEC 61215-1:2016 and IEC 61215-2:2016 for Terrestrial photovoltaic (PV) modules - Design qualification and type approval – Part 1: Test requirements and Part 2: Test Procedures. IEC 61730 for PV module safety qualification, IEC 62804 for detection of potential induced degradation (PID). The test certificates must be provided<br>• All PV modules offered for the scheme must be of the same type, same model, same power rating and same manufacturer.<br>• The bidder must be submitting the technical datasheet of PV Module.<br>• A manufacturer's Authorization letter should be provided by the principal manufacturer in their letter head. | *Technical requirements<br>Total Vertical head Including friction losses) = 292.12 meters<br>Lift pipe length=1206 meters<br>Total population – 481, Volume of water required =33,457.00 litters per day (7.43 m3/ hour)<br>Total cable length (from array site to collection tank) =150 m. (one-way length)<br>Average Peak Sun Hour per day at site = 4.5 hours) |


संयुक्त खरिद समिति ... नगरपालिका, ...

| Sn | Particular | Unit | Specification | Remarks |
|---|---|---|---|---|
| 2 | Submersible Solar Pump, ≥25 HP | Set (refer technical requirements*) | • High efficiency multi-stage submersible pump, with inlet strainer and built-in non-return valve in corrosion-resistant stainless steel.<br>• Following Parts of the pump should be of stainless steel (S.S 304 Standard or higher)<br>I. Motor and Pump Body<br>II. Motor and Pump Saft<br>III. Fastners and Housing<br>IV. Bowl, Impeller, Suction and NRV<br>• Efficiency of the pump should be min. 50%.<br>• The Bidder must submit the technical datasheet with performance curve.<br>• A Manufacturer's Authorization letter provided by principal manufacturer in their letter head.<br>• Submersible Solar Pump 2 years warranty on solar water pump.<br>• Required rated flow 7.43 m3/hr and head mtr | *Technical requirements<br>Total Vertical head Including friction losses) = 292.12 meters<br>Lift pipe length=1206 meters<br>Total population – 481, Volume of water required =33,457.00 liters per day (7.43 m3/ hour)<br>Total cable length (from array site to collection tank) =150 m. (one-way length)<br>Average Peak Sun Hour per day at site = 4.5 hours) |
| 3. | HDPE Dugwell (Casing) with complete fittings | | 3 mtr 200 mm dia or as per Attached drawings | |
| 4 | Controller ≥22 Kw MPPT | Set (refer technical requirements*) | Equivalent to compatible design pump<br>• Capacity: Equivalent to compatible design pump<br>• Built in MPPT.<br>• DC input voltage 300-750 V<br>• Minimum MPP voltage 550 V<br>• Output 380 V (3Phase); 0-400 Hz<br>• The Bidder must submit the technical data sheet<br>• A Manufacturer's Authorization letter provided by principal manufacturer in their letter head | *Technical requirements<br>Total Vertical head Including friction losses) = 292.12 meters<br>Lift pipe length=1206 meters<br>Total population – 481, Volume of water required =33,457.00 liters per day (7.43 m3/ hour)<br>Total cable length (from array site to collection tank) =150 m. (one-way length)<br>Average Peak Sun Hour per day at site = 4.5 hours) |
| 5 | Armoured cupper cable 3 core 25 Sq mm | Meter | 3 core 25 Sq mm, NS standard or equivalent | |
| 6 | Ground base solar support structure | Set | The GI mounting structure should resist a minimum wind load of 180 m/s. The minimum pipe size should be 1.5 inches, using medium-class pipes | |
| 7 | Fittings (to fit pump and connect to delivery GI Pipe) | Set | Manufactured strictly as per the specification of Nepal Standard (NS-199) or equivalent, medium class | |
| 8 | Lightening arrestor | Set | Copper coated, NS or equivalent | |
| 9 | Electrical Accessories (Surge protector) | Set | NS or IS Standard | |
| 10 | Earthing Set | Set | 1 meter length, 50 mm dia, back fill compound, MSF cupper cable 16 sq mm<br>-NS or IS standard | |
| 11 | Installation of system | Complete event | | |
| 12 | commissioning and Handover | Complete event | With operation instruction book | |
| 13 | Materials transportation up to road head | complete set | The nearest road head is 135 Km from Surkhet | Location of site: Panchadewal Binayak Municipality-5, Dubichaur Layati, Achham district |



संयुक्त खरिद समिति
पञ्चदेवल विनायक नगरपालिका, अछाम

# Drawing of HDPE Casing Pipe and Pump Fitting Details




| | | | |
|---|---|---|---|
| WARM-P STANDARDIZATION, 2020 | DWSS STANDARDIZATION<br>WATER RESOURCES MANAGEMENT PROGRAM<br>SURKHET | SUBMERSIBLE PUMP DUGWELL DRAWING | DESIGNED BY :<br>Recommended By:<br>CHECKED BY :<br>APPROVED BY : |



## खण्ड ७

### ७.१ बोलपत्र फारम र मूल्य तालिका

#### ७.१.१ सिलवन्दी दरभाउपत्र पेश गरेको निवेदन

मिति: ......................
श्री .................... संयुक्त खरिद समिति,
........................... गाउ पालिका/नगरपालिका
महोदय,

हाम्रो मन्जुरी भएकोले यो सिलवन्दी दरभाउपत्र पेश गरेका छौ ।

- यो सिलवन्दी दरभाउपत्रको मान्य अवधि सिलवन्दी दरभाउपत्र पेश गर्ने तोकिएको अन्तिम मिति देखि **९० दिन** रहने छ ।
- यो सिलवन्दी दरभाउपत्र र खरिदकर्ताबाट दिईएको सिलवन्दी दरभाउपत्र स्वीकृतिको पत्रले हामी दुई सम्झौता गर्न बाध्य हुनेछौ ।
- हाम्रो सिलवन्दी दरभाउपत्र स्वीकृत भएमा हामी आपूर्ति तालिका बमोजिम सामाग्री आपूर्ति गर्नेछौ साथै कार्यसम्पादन गर्ने सुनिश्चतता स्वरुप कुल सम्झौता रकमको ५ प्रतिशत रकम बराबरको कार्यसम्पादन जमानत खरिदकर्ताले माग गरे अनुसारको ढाँचामा उपलब्ध गराउने छौं ।
- प्रस्तुत कामको लागि सवैभन्दा घटी कबोल गर्ने वा कुनै पनि दरभाउपत्रदाताको सिलवन्दी दरभाउपत्र स्विकृत गर्न खरिदकर्ता बाध्य नभएको कुरा हामीले बुझेका छौं ।
- **हामी खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको घोषणा गर्दछौ ।**
- साथै माग गरिए वमोजिमका कागजातहरु सिलवन्दी दरभाउपत्रसाथ संलग्न गरी पेश गरेका छौं ।

भवदिय

हस्ताक्षर:..................................
हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति वा प्रतिनिधिको नाम: ..............................

पद ......... ....................

फर्म, संस्था वा कम्पनीको नाम: .................................

फर्म, संस्था वा कम्पनीको छाप:........................

**७.१.२ सामाग्रीको परिमाण सहितको मूल्यसूचि**

(सामाग्रीको दर प्रस्ताव गर्दा तोकिएको स्थान सम्मको ढुवानी, लोडिङ, अनलोडिङ, वीमा सहित सम्पुर्ण लागत समावेस गरिएको हुनु पर्ने छ)

| सि.नं. | सामाग्रीहरुको नाम | इकाई | परिमाण | प्रस्ताव गरिएको मुल्य सुचि (इकाई दर मु.अ.कर वाहेक) | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| **समुह क : खानेपानी योजनाको लागि सोलार वाटर लिफ्ट प्रणालीको सामानको आपूर्ति, डेलिभरी र स्थापना गर्ने कार्य (Supply, delivery and installation of solar water lift system accessories of water supply system)** | | | | | | | |
| 1 | Solar Panel, (Minimum Capacity-600Wp/Pices) | Set | 1 | | | | |
| 2 | Submersible Solar Pump, ≥25 HP | No | 1 | | | | |
| 3 | HDPE Dug well (Casing) with complete fittings | Set | 1 | | | | |
| 4 | Controller ≥22 Kw MPPT | No. | 1 | | | | |
| 5 | Armoured cupper cable 3 core 25 Sq mm | Mtr | 150 | | | | One way |
| 6 | Ground base solar support structure | Set | 1 | | | | |
| 7 | Fittings (to fit pump and connect to delivery GI Pipe) | Set | 1 | | | | |
| 8 | Lightening arrestor | Set | 1 | | | | |
| 9 | Electrical Accessories (Surge protector) | Set | 1 | | | | |
| 10 | Earthing Set | Set | 3 | | | | |

संयुक्त खरिद समिति ★ ... विनायक नगरपालिका

| .नं. | सामाग्रीहरुको नाम | इकाई | परिमाण | प्रस्ताव गरिएको मुल्य सुचि (इकाई दर मु.अ.कर वाहेक) | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| 11 | Installation of system | Complete Set | 1 | | | | |
| 12 | Commissioning and Handover | Event | 1 | | | | |
| 13 | Materials transportation up to road head | complete set | 1 | | | | |
| | | | | | जम्मा कबोल रकम | | |
| | | | | | भ्याट | | |
| | | | | | कुन जम्मा रकम | | |

कुल जम्मा रकम अक्षरमा: ........................................................................................................................................................................................................

हस्ताक्षर:..............................
हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति वा प्रतिनिधिको नाम: ..............................
पद .......... ......................
फर्म, संस्था वा कम्पनीको नाम: ..............................
फर्म, संस्था वा कम्पनीको छाप:..............................

### ७.१.३ सिलबन्दी दरभाउदाताको प्रस्तावित ब्रान्ड/मोडेलको विवरण

The bidder should submit the design of the solar system and fill the proposed solar water lift system accessories for the water supply system in the following format.

| Item No. | Item Name | Type/Model/Brand | Capacity | specification | Reference page/ No/Catalogue page/no | Warranty/ guarantee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Solar Panel | | | | | | |
| 2 | Submersible Solar Pump | | | | | | |
| 3 | Controller | | | | | | |
| 4 | Armoured cupper cable | | | | | | |
| 5 | Ground base solar support structure | | | | | | |
| 6 | Lightening arrestor | | | | | | |
| 7 | Electrical Accessories (Surge protector) | | | | | | |
| 8 | Earthing Set | | | | | | |

## खण्ड ८

**८.१ सामाग्री ढुवानी तथा ढुवानी तालिका (delivery schedule and transportation)**

- आपूर्तिकर्ताले तपशिलमा उल्लेखित स्थान र समयावधि भित्र सम्पुर्ण सामाग्रीहरु ढुवानी गरि सक्नु पर्ने छ

**१. योजनाको नाम: - दुबीचौर लयटी सोलार लिफ्ट खानेपानी तथा सरसफाइ योजना, पञ्चदेवल विनायक नगरपालिका- ५, अछाम**

| सि.नं. | सामग्री ढुवानी गर्नु पर्ने स्थान | ढुवानी तालिका | ढुवानी गर्नु पर्ने समयावधि |
|---|---|---|---|
| | **पहिलो लट** | | |
| १ | **विनायक बजार, पञ्चदेवल विनायक न.पा. -३, अछाम**<br>(बिरेन्द्रनगर सुर्खेत –टुनीबगर – बेलखेत - विनायक बजार)<br>सुर्खेत - बेलखेत अनुमानित १३५ कि.मि. कालोपत्रे सडक<br>बेलखेत -विनायक बजार अनुमानित १५ कि.मि. कालोपत्रे सडक | **समुह क :** सम्पूर्ण सामग्री | कार्यदिश पाएको ६० दिन भित्र |

- सामाग्री ढुवानी गर्दा लाग्ने सम्पुर्ण खर्च (सामाग्रीको विमा, लोड/अनलोड, नियमानुसारको कर) आपूर्तिकर्ताले वेहोर्नु पर्ने छ।
- सम्पुर्ण सामाग्रीहरु माथि उल्लेखित स्थानसम्म ढुवानी गरि प्राविधिक चेक जांच गराई उपभोक्ता समितिको जिम्मेवार ब्यक्तिलाई निर्माण सामाग्रीहरु हस्तान्तण गर्नु पर्नेछ।
- कुनै कारणवस आपूर्तिकर्ताले तोकिएको समयमा सामाग्री आपुर्ति गर्न नसकेमा उपयुक्त कारण सहित ढुवानीको म्याद थपका लागि आग्रह गर्न सक्नेछ। तर आपूर्तिकर्ताको लार्पवाही वा आपूर्तिकर्ताले पेश गरेको कारण उपयुक्त नलागेमा उपभोक्ता समितिले म्याद थप्न वाध्य हुने छैन।

संयुक्त खरिद समिति
पञ्चदेवल विनायक नगरपालिका, अछाम

## खण्ड ९

### ९. नमूना फारमहरु

### ९.१ उपभोक्ता समिति र आपूर्तीकर्ता बीच हुने खरिद सम्झौता पत्रको नमूना

................खानेपानी तथा सरसफाइ उपभोक्ता समिति
...............पालिका वडा नं.............
र
......................... आपूर्तिकर्ता
वीच सामाग्री आपुर्तिका लागि भएको
**सम्झौता पत्र**

यस .................... खानेपानी तथा सरसफाइ उपभोक्ता समिति (यसपछि उपभोक्ता समिति भनिने) र ............................................. आपूर्तिकर्ता (यस पछि सप्लायर भनिने) वीच ............................ मितिमा ............ सामाग्री (एच.डि.पि.ई.पाइपहरु, जि.आई.पाइपहरु, फिटिङ्ग, सिमेन्ट, औजारहरु तथा अन्य) सप्लाई गर्नको लागि सिलवन्दी दरभाउपत्रमा उल्लेखित शर्त वमोजिम मन्जूर भई यो सम्झौता गरिएको छ।

**दुवै पक्षले पालना गर्न मञ्जूर गरिएका शर्तहरु :**

१. संलग्न परिमाण वमोजिमको निर्माण सामाग्रीहरुको सम्झौता कबोल रकम जम्मा रु. ...................................... (अक्षररुपि: ...................................................................) हुनेछ। सम्झौता अवधिभर कवोल गरिएको सामाग्रीको दरमा हेरफेर गरिने छैन।

२. संलग्न परिमाण वमोजिमको निर्माण सामाग्रीहरु .................... स्थानमा रहेको उपभोक्ता समितिको गोदाममा मिति ...................... सम्ममा सप्लायरले गरीसक्नु पर्नेछ। निर्धारित समयभित्र सप्लाई नभएमा यो सम्झौता उपभोक्ता समितिले रद्द गर्न सक्नेछ। *(सामाग्री ढुवानी गर्ने समय र स्थान सूचना तथा दरभाउपत्रमा उल्लेख गरिए अनुसार राख्ने, लट अनुसार सामाग्री ढुवानी गर्नु पर्ने भएमा सो को तालिका वनाएर राख्ने )*

३. उक्त सामाग्रीहरुको ढुवानी लागत सामाग्रीको दरमा समावेस भएकोले ढुवानीको सम्पूर्ण जिम्मेवारी सम्बन्धित सप्लायरको हुनेछ र उपभोक्ता समितिले थप कुनै ढुवानी खर्च व्यहोर्ने छैन।

४. सप्लाई गरिएको सामाग्रीहरु दरभाउपत्रमा संलग्न परिमाण, गुणस्तर र तौलको हुनु पर्नेछ। यदि सामाग्री सप्लाई भैसकेपछि प्राविधिकले चेकजांच गर्दा गुणस्तर (स्पेसिफिकेसन अनुसार) कायम नभएको पाइएमा उक्त सामाग्री सप्लायर आफ्नै खर्चमा फिर्ता लगि पुन: गुणस्तरको सामाग्री आपुर्ति गर्नु पर्ने छ। कमसल गुणस्तर भएको सामाग्रीको भुक्तानी गर्न उपभोक्ता समिति वाध्य हुने छैन। सामाग्री ढुवानीको क्रममा कुनै क्षती भएमा सो को जिम्मेवारी सप्लायरको हुनेछ। क्षतीग्रस्त सामान वा विग्रेको सामान उपभोक्ता समिति बुझ्न वाध्य हुने छैन।

५. सामान सप्लाई भैसकेपछि सम्बन्धित रोडहेडमा प्राविधिकवाट सामाग्री जांच भै प्रमाणित गरेपछि मात्र उपभोक्ता समितिले आपूर्तिकर्तालाई भुक्तानी चेक मार्फत गर्नेछ।

६. सप्लायरले ............................................ उपभोक्ता समितिको नाममा भ्याट विल जारी गर्नुपर्नेछ, साथै केरमेट/सच्याएको/टिपेक्स लगाएको/परिमाण तथा रकम स्पष्ट नभएका विलहरू स्वीकार गरिने छैन।

७. उपभोक्ता समितिले नेपाल सरकारको नियमानुसार कर योग्य रकमको अग्रीम आयकर कट्टीगरी सप्लायरलाई भुक्तानी गर्नेछ। उक्त रकम राजश्वमा दाखिला भएको रकमको भौचरको प्रतिलिपी पछि सप्लायरलाई उपलव्ध गराइनेछ।। उक्त रकम राजश्वमा दाखिला भएको रकमको भौचरको प्रतिलिपी पछि सप्लायरलाई उपलव्ध गराइनेछ।

८. दरभाउपत्रमा उल्लेख भएको दरको वैधता अवधि कायम रहे सम्म यदि उपभोक्ता समितिलाई थप सामाग्री आवश्यक भएमा थप सामाग्री आपुर्ति गर्नका लागि कार्यादेश दिन सक्नेछ। थप कार्यादेश अनुसारको सामाग्री सप्लाईका लागि सामाग्री ढुवानी मिति आपसी समझदारीमा तय गरिने छ।

९. अन्य शर्तहरुको हकमा दरभाउपत्र/सिलवन्दी दरभाउपत्रमा उल्लेख गरेका शर्तहरु र सो मा नभएको हकमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमको खरिद कार्यविधि वमोजिम हुनेछ।



संयुक्त खरिद समिति
विनायक नगरपालिका, अछाम

**यो सम्झौता दुवै पक्षले एक एक प्रति बुझि लियौं दियौं।**

इति सम्वत् ............. साल ............. महिना ................ गते रोज ................ शुभम्।

सम्झौता भएको स्थान : ... ... ... ... ... ... ... ... ...

**सप्लायरको तर्फवाट**

सप्लायरको नाम :..........

हस्ताक्षर गर्नेको नाम :..........

पद :..........

हस्ताक्षर :..........

छाप :..........

**उपभोक्ता समितिको तर्फवाट**

............. खा.पा.स.स. उ.स.

हस्ताक्षर गर्नेको नाम :..........

पद :..........

हस्ताक्षर :..........

छाप :..........

साक्षी :

१. ................................

२. ..........................

**बोधार्थ:**

१. श्री लेखा शाखा, साझेदार संस्थाको कार्यालय ........................

२. श्री एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपाल, सुर्खेत

संलग्न गरिएको कागजातहरु:

१. स्वीकृत परिमाण र मुल्य सूची

## स्वीकृत परिमाण र मुल्य सूचीको विवरण

| सि.नं. | सामाग्रीको नाम | इकाई | परिमाण | दर | जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | जम्मा मुल्य | | |
| | | | | भ्याट | | |
| | | | | कूल जम्मा मुल्य | | |

**सामाग्री ढुवानी तथा ढुवानी तालिका (delivery schedule and transportation)**

| सि.नं. | सामग्री ढुवानी गर्नु पर्ने स्थान | ढुवानी तालिका | ढुवानी गर्नु पर्ने समयावधि |
|---|---|---|---|
| | | पहिलो लट | |
| | | | |
| | | दोश्रो लट | |
| | | | |

**सप्लायरको तर्फवाट**

सप्लायरको नाम :..........

हस्ताक्षर गर्नेको नाम :..........

पद :..........

हस्ताक्षर :..........

छाप :..........

**उपभोक्ता समितिको तर्फवाट**

............. खा.पा.स.स. उ.स.

हस्ताक्षर गर्नेको नाम :..........

पद :..........

हस्ताक्षर :..........

छाप :.......

संयुक्त खरिद समिति